महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

डोर मुकाम, जाजरकोट

अछावे

पत्र संख्याः २०७८।७९

च.नं.: ९६

मितिः २०७८।०६।२४

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बारेकोट गाउँ कार्यपालिकाको कार्यालय,
लिम्सा, जाजरकोट।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।७८ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।६।११ मा छलफल पश्चात् तयार गरिएको पाना २७ (सत्ताईस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

....

(तारा प्रसाद पाण्डे)

निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहदरवार काठमाडौं : प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समिति,
खलंगा, जाजरकोट : प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
खलंगा, जाजरकोटः प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा ईकाई,
खलंगा, जाजरकोटः प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np   Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

आर्थिक कारोबारको स्थिती

कार्यालय र स्थानः बारेकोट गाउँ कार्यपालिकाको कार्यालय, लिम्सा, जाजरकोट		पद	नाम	कार्यरत अवधि		बेरुजु रकम
				देखि	सम्म	
आ ब २०७७।७८	कार्यालय प्रमुख	नि.प्र.प्र.अ.	गोबिन्द बहादुर सिंह	२०७७।४।१	२०७८।३।३१	३३९०७८३५.२८
	लेखा प्रमुख	अधिकृत स्तर छैटौ (लेखा)	राज बहादुर सिंह	२०७७।४।१	२०७८।३।३१	

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं.	विवरण	रकम	रकम
१	गतको अल्या		४८४०७२१३.७०
१.१	संचित कोष खाता	४२६२६९३६.७	
१.२	धरौटी खाता	२५०९१४५	
१.३	क.सं. कोष खाता		
१.४	प्रकोप व्यवस्थापन खाता	३२७११३२	
१.५	मर्मत संभार कोष	०	
१.६	विभाज्य कोष	०	
२	सचीत कोष अनुदान निकासा		४१६२८६२५०.६७
२.१	संघिय राजस्व वाँडफाँड	७०४०९६३४.२६	
२.२	प्रदेश राजस्व वाँडफाँड	२४१६९६.९१	
२.३	आन्तरिक स्रोत (राजस्व)	२७८१५८९.५	
२.४	उपभोक्ता समिति लागत साहभागी	०	
२.५	संघीय वित्तीय समानिकरण	८०१०००००	
२.६	संघीय शर्शत अनुदान	२३४६५५०८०	
२.७	संघिय समपुरक अनुदान	०	
२.८	संघिय विशेष अनुदान	०	०
२.९	प्रदेश समानिकरण अनुदान	१०१६००००	
२.१	प्रदेश शर्शत अनुदान	८८९५०८१	
२.९	प्रदेश समपुरक अनुदान	५०४३२९३	
२.१०	प्रदेश विशेष अनुदान	३९९९८७६	
५	धरौटी खाताको आम्दानी	२५३५७३३.००	२५३५७३३.००
६	अन्तरसरकारी अख्तियारी		८९२३२५७९.००
६.१	स्थानीय पूर्वाधार विकास साझेदारी-३६५००१०४३	३८५१२५०	

सि.नं.	विवरण	रकम	रकम
१	चालु खर्च		२४६७९३१८३.२०
१.१	संघिय राजस्व वाडफाड	५०६६२७७६.९	
१.२	राजश्व वाँडफाँड प्रदेश	०	
१.३	आन्तरिक क्षोत	१२३५५३७०	
१.४	संघिय सर्शत अनुदान	१५५५९६०८२.३	
१.५	समानिकरण अनुदान सघ	२२८७३२९४	
१.६	प्रदेश शर्शत अनुदान	०	
	समानिकरण प्रदेश	५३०५६६०.००	
२.०	पुँजिगत खर्च		१७४१७४८९४.९२
२.२	समानिकरण अनुदान सघ	४८९०७०३३.९२	
२.३	राजस्व वाडफाड-संघ	१५५८०९१३.००	
२.४	समानिकरण अनुदान प्रदेश	३६३९५७९.००	
३	आन्तरिक क्षोत	२७०२५८२४.००	
३.१	संघिय सर्शत अनुदान	६१०८३२९६.००	
३.२	प्रदेश शर्शत अनुदान	८८९५०८०	
३.३	विशेष अनुदान प्रदेश	३९९९८७६	
३.४	समपुरक अनुदान प्रदेश	५०४३२९३	
३	कार्यसंचालन कोष खाताहरु		८०२०५४६.००
३.१	प्रकोप व्यवस्थापन कोष	२४४८९४८.००	
३.२	कोभिड १९ नियनत्रण	५५७१५९८.००	
४	अन्तर सरकारी अख्तियारी	०.००	. ८९२३२५७९.००
४.१	स्थानीय पूर्वाधार विकास साझेदारी-३६५००१०४३	३८५१२५०	
४.२	सामाजिक सुरक्षा संरक्षण ३१४०१०१२३	५०३४४११८	

६.२	सामाजिक सुरक्षा संरक्षण- ३१४०१०१२३	५०३४४११८		४.३	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्याक्रम ३७०००११६४	१०००००००	
६.३	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्याक्रम ३७०००११६४	१०००००००		४.४	मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आय आर्जन कार्यक्रम ३०१०००१०२४	२१०५६२५७	
६.५	मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आय आर्जन कार्यक्रम ३०१०००१०२४	२१०५६२५७		४.५	सामाजिक विकास मन्त्रालय ३५००००११३	२९८९०००	
६.७	सामाजिक विकास मन्त्रालय ३५००००११३	२९८९०००		४.६	सामाजिक विकास मन्त्रालय ३५००००११4	९९१९५४	
७.२	सामाजिक विकास मन्त्रालय ३५००००११4	९९१९५४		५	**फिर्ता रकम**		०.००
७	**विविध**		८६४२३१४.००	६	**कर दाखिला**		०.००
७.१	कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष खाता	४६८७३१४.००		७	**धरौटी खाताको खर्च**	**१८३२३५६.००**	**१८३२३५६.००**
७.२	**प्रकोप कोष**	३९५५०००.००		८	**वैंक मौज्दात**		**४९४३८२०७.४८**
८	**हिसाब मिलान गर्न बांकी**		४३८७६७६.२३	८.१	संचित कोष खाता	६६५८०८९.८५	
				८.२	धरौटी खाता	३०६७५४५.००	
				८.३	क.सं. कोष खाता	०.००	
				८.४	प्रकोप व्यवस्थापन खाता	५०३४६३९.००	
				८.५	चालु खर्च खाता	२७३४४९१७.९८	
				८.६	पुँजिगत खर्च खाता	७३३३०१५.६५	
	जम्मा		५६९४९१७६६.६०		**जम्मा**		५६९४९१७६६.६०

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, २८०.६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार ३८५ जनसंख्या रहेको छ ।	
	लेखापरीक्षणः लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु सम्बन्धमा मिती २०७८।६।११ मा छलफल सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् :	
	असुली-लेखापरीक्षणको क्रममा रु.४६६९३।०० ने.बै.लि. जाजरकोटको भौ.न. ४७८३३५८, ४७८३३६०, ४७८३३६१ । २०७८।६।२० बाट राजश्व शिर्षक नं. १५१११ मा दाखिला भएको छ ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गते देखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • महालेखानियन्त्रक कार्यालयले २०७५ श्रावण देखि शुत्र अनिवार्य रुपमा लागु गर्नुपर्ने ब्यवस्था गरेको छ । कार्यालयले आंशिक रुपमा शुत्रको प्रयोग गरेको देखियो । बजेट तर्जुमा, बजेट संशोधन, रकमान्तर तथा प्रतिवेदन सम्मका सवै कृयाकलाप साथै राजश्व, धरौटी र कार्यसंचालन कोष समेतको विवरण शुत्र प्रणाली मार्फत नियमन र ब्यवस्थापन गर्नुपर्दछ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको रु ४३८७६६७६.२८ सम्बन्धमा हिसाब मिलान विवरण तयार गरी प्रमाण पेश हुनुपर्ने देखिएको रु.....	४३८७६६७६.२८

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचित कोष	४३७४९७२.५७	६६५८०८९.८५	-२२८३११७.२८
२	चालु खर्च खाता	१६२५३५७६.२५	२७३४४९१७.९८	-११०९१३४१.७३
३	पूँजीगत खर्च खाता	१७२७६५६०.३८	७३३३०१५.६५	९९४३५४४.७३
४	प्रकोप व्यवस्थापन खाता	३९३२९००.००	५०३४६३९.००	-११०१७३९.००
५	धरौटी खाता	३२१२५२२.००	३०६७५४५.००	१४४९७७.००
	जम्मा			-४३८७६७६.२८

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा सो गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु २,७३,४४,९१७.९८ पुजीगत खर्च खातामा रु.७३,३३,०१५.६५ र समेत गरी रु. ३,४६,७७,९३३.०० मौज्दात राखेको पाईयो । नियमको पालना गरी तोकिएको समयमा नै ट्रान्सफर गर्नुपर्दछ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको निर्धारित ढाँचामा प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पूर्ण रुपमा प्रयोग गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाईएन।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• नापी किताव, भुक्तानी विल र कार्यसम्पन्न प्रतिवेदनहरुमा काम शुरु हुने मिति र सम्पन्न हुने मिति लगाएतका विवरणहरु उल्लेख गर्ने गरेको छैन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • पालिकाले भुक्तानी गर्दा कट्टी भएका करहरु दाखिला गरेको भौचर गोश्वारा भौचरसाथ संलग्न गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि शिलसिलेवार रुपमा ठेक्का फाईल, ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४२ जनाको दरबन्दी रहेकोमा २३ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन,२०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • भ्रमण खर्च नियमावली, २०६४ बमोजिम राख्नुपर्ने भ्रमण अभिलेख खाता राख्ने गरेको छैन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु १,४१,२८,२१६.०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **बजेट तथा कार्यक्रम**	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ओमा शाहीले मिति २०७७।०३।१० गते रु. ३७ करोड ८० लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनले तोकेको समयावधिभित्र अख्तियारी प्रदान गर्नुपर्दछ ।	
५.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३,८९,९८,५०२।०० (१०.३१ प्रतिशत) अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७७।९।१८ को निर्णयबाट चालुतर्फ पदाधिकारी सुविधा, करार सेवा तलव, शिक्षण सिकाइ तलव लगायतका ९ शिर्षकमा रु १ करोड २० लाख र पुजीगततर्फ वडा कार्यालय भवन निर्माण, विद्यालय भवन तथा सडक निर्माण जस्ता २४ योजनाहरुमा रु २ करोड ६९ लाख ९८ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
६.	**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७.	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा काम गराउँदा	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क.सं	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	२४६७९३१८३।२०	३८०३७९७८।४०	६४५९२३८१।३०	१४४१६२८२३।५०	९३०१५७७७
२	पूँजिगत खर्चतर्फ	१७४१७४८९४।९२	३२२१५५५	४९९८७९५६	१२०९६५३८३।९२	८७०४१३७०
	जम्मा	४२०९६८०७८।१२	४१२५९५३३।४०	११४५८०३३७।३०	२६५१२८२०७.४२	१८००५७१४७
	प्रतिशत		९.८०	२७.२१	६२.९८	६२.९८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४२ करोड ९ लाख ६८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४ करोड १२ लाख ५९ हजार अर्थात ९.८० प्रतिशत, दोश्रो चौमासिकमा रु. ११ करोड ४५ लाख ८० हजार अर्थात. २७.२१ प्रतिशत र तेश्रो चौमासिकमा रु. २६ करोड ५१ लाख २८ हजार, अर्थात. ६२.९८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १८ करोड ५७ हजार अर्थात. ४२.७७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण पुजिगत

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२८१४४०८०	२११४३६६०	७५
२	पूर्वाधार विकास	१२५००१५०२	१०८१४६१९२	८७
३	सामाजिक विकास	२१२७३३२४०	१९५७०५४६०	९२
४	सुशासन तथा अन्तर सम्वन्ध	५०९७९१३०	४३३७९९९६	८५
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६८०६२०००	५२५९२७६९	७७
जम्मा		४८४९१९९५२	४२०९६८०७७	८७

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ९२ प्रतिशत र सवैभन्दा कम आर्थिक विकासमा ७५ प्रतिशत मात्र खर्च भएको रहेको छ । पुंजिगत खर्च बढाइ उत्पादन तथा रोजगार बृद्धि गर्न ध्यान दिनुपर्दछ ।

१०. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु २७ लाख ८२ हजार, राजस्व बाँडफाँड ७ करोड ४ लाख १० हजार र अनुदानबाट रु ३४ करोड ५८ लाख ७७ हजार समेत रु ४१ करोड ६२ लाख ८६ हजार आम्दानी भएकोमा चालु तर्फ रु २४ करोड ६७ लाख ९३ हजार र पूँजिगत तर्फ रु १७ करोड ४१ लाख ७४ हजार- समेत रु ४२ करोड ९ लाख ६७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा राजश्व बाँडफाँडबाट ६५ लाख २८ हजार र आन्तरिक श्रोतबाट रु १९ लाख ४७ हजार समेत ८४ लाख ७५ हजार खर्च भएको छ जुन आन्तरिक आय भन्दा बढि रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.२८ प्रतिशत चालु र ४१.८३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

११. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । कार्यालयले पेश गरेको विवरण अनुसार प्रगती स्थिति निम्नानुसार देखियोः

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती				
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५% भन्दा माथि
कार्यक्रम संख्या	१७३	०	१	२		१७०

उपर्युक्त बमोजिम कार्यालयले पुंजिगत तर्फ १७३ वटा कार्यक्रम संचालन भएकोमा १ वटा कार्यक्रमको २५ प्रतिशतसम्म, २ वटा आयोजनाहरुको ५० प्रतिशतसम्म र १७० वटा कार्यक्रमहरुको ७५ प्रतिशत भन्दा माथि प्रगती भएको देखियो । पालिकाले निर्धारित ढाँचामा भौतीक तथा वित्तीय प्रगती तयार गरेको देखिएन। सालबसाली कार्यक्रमको आर्थिक बर्ष सँकिदासम्म पनि २५ प्रतिशत मात्र प्रगती भएको देखिदा सार्वजनिक निर्माण प्रभावकारी भएको देखिएन ।

संगठन तथा कर्मचारी व्यवस्थापन

१२. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१३. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाको दरवन्दीमा प्रा.स., ना.प्रा.स., स्वास्थ्य प्राविधिक र कार्यालय सहयोगी समेत ४४ जना करारमा राखेको पाइयो ।उल्लेखित बाहेक स्वास्थ्य तर्फ डाक्टर, अ.हे.ब., अ.न.मी र का. स समेत ३९ जना, शिक्षातर्फ बालविकास शिक्षक, प्रा.वि., नि.मा.वि. शिक्षक समेत ६१ गरी १०० जना कर्मचारी करारमा राखेको पाईयो । ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।

पालिकाले नेपाल सरकारको स्वीकृत दरवन्दी, आन्तरिक आय, स्थानीय सरकार संचालन ऐन र सेवा करार निर्देशिका समेतलाई विचार गरी संगठन तथा व्यवस्थापन सर्भे तथा कामको विष्लेषण गरी दरवन्दी एकीन गरेर मात्र पद पूर्ति गर्ने ब्यवस्था गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाईएन ।

१४. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	

१५. **वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव	कैफियत
९	९	४	५	५ वटा वडा प्राविधिक र लेखा सहायकहरुबाट संचालन

१६. **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार २९ वटा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्य गरी यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१२०७
मृत्युदर्ता	३१६
बसाईसराई दर्ता	५१
विवाह दर्ता	११५
सम्बन्धविच्छेद दर्ता	०
पूर्वाधार विकास सडक निर्माण	
ट्रयाक खोल्ने(कि.मि.)	५६
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१७. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
२८	३९	४७	२८	३१	१७३

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख सम्मका २८ वटा योजनाहरु, १ लाखदेखि २ लाख सम्मका ३९ वटा योजनाहरु, २ लाखदेखि ५ लाख सम्म ४७ वटा योजनाहरु, ५ लाखदेखि १० लाखसम्म का २८ वटा योजनाहरु र रु १० लाखभन्दा बढीको ३१ वटा गरी जम्मा १७३ योजनाहरु रहेका छन । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

- **कानून निर्माण एवं कार्यान्वयन**

१८. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, १ वटा नियमावली, ८ कार्यविधि ५ वटा निर्देशिका लगायत २९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१९. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष भएको २ वटा उजुरी परेकोमा २ वटा फछ्र्यौट भएको विवरण प्राप्त भएको छ।

२०. **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको प्रदेश तर्फ र स्थानीय तहको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

साथै प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

- **पदाधिकारी सुविधा**

२१. **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६६४१२५०।०० र गत आ.ब.को ९ महिनाको सुविधा रु ४३,२०,०००।०० समेत रु १,०९,६१,२५०।०० भुक्तानी भएको छ ।

सि.नं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ९ जना	कार्यपालिका सदस्य ५ जना	सभाका सदस्य ३३जना	जम्मा
१	बैठक भत्ता (गाउँ सभा र कार्यपालीका बैठक)	१४०००	१४०००	११४७५०	३८२५०	२४१२५०	४२२२५०
२	यातायात खर्च	१८००००	१४४०००	८६४०००	३३००००	७९२०००	२३१००००
३	टेलिफोन,मोबाइल	३६०००	३६०००	३२४०००	६००००	३९६०००	८५२०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	३६०००	३६०००	३२४०००	६००००	१९८०००	६५४०००
५	बिधुत उर्जा	३६०००	३६०००	१०८०००	६००००	१९८०००	४३८०००
६	अतिथि सत्कार	६००००	४८०००	४३२०००	६००००	१९८०००	७९८०००
७	खानेपानी/बिजुली/	४८०००	३६०००	१०८०००	६००००	१९८०००	४५००००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

	सरसफाई						
८	चाडपर्व खर्च	१५०००	१५०००	१३५०००	५७०००	४९५०००	७१७०००
	जम्मा	४२५०००	३६५०००	२४०९७५०	७२५२५०	२७१६२५०	६६४१२५

२२. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यो वर्ष ४५ जनालाई रु ५ हजार देखि ५० हजार सम्म गरी रु. ९९९०००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

- **अनुदान फिर्ता, वितरण र उपयोग**

२३. **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु....... — बेरुजू रकम: १७९७५७०२.००

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२३४६५५०८०	२१६६७९३७८	१७९७५७०२
	विषेश	०	०	०
	समपुरक	०	०	०
	अन्य	०	०	०
प्रदेश सरकार	शसर्त	८८९५०८०	८८९५०८०	०
	विषेश	३९९९८७६	३९९९८७६	०
	समपुरक	५०४३२९३	५०४३२९३	०

२४. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले यो वर्ष लागत सहभागीतामा तपसिल बमोजिम ब्यवसायीक पशुपालनमा रु रु. २७,१२,०००.०० अनुदान खर्च लेखेको छः

सि.नं.	सहकारीहरु	रकम	भेडा फर्म	रकम	जम्मा
१	ग्रामिण विकास कृषि सहकारी	४६२०००	दिल भेडा फार्म	६७०००	५२९०००
२	घरवारी महिला कृषि सहकारी	४६२०००	रुकिला भेडापालन	६७०००	५२९०००
३	श्री दृढ महिला कृषि सहकारी	४६२०००	शान्त कृषि तथा पशुपंक्षी	६७०००	५२९०००
४	जीवन दृष्टी कृषि तथा पशुपालन सहकारी	४६२०००	यमुना बाख्रापालन फार्म	६७०००	५२९०००
५	थर्पु महिला कृषि तथा पशुपालन सहकारी	४६२०००	सुमकि बाख्रा पालन फार्म	६७०००	५२९०००
६			रुकचिला भेडा फार्म		६७०००
	जम्मा				२७१२०००

पालिकाबाट उपर्युक्त बमोजिम बितरण भएको अनुदान सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरेको,

ख) अनुदान सम्झौतामा अनुदानबाट खरिद पशुलाइ ५ बर्ष मास्न नपाइने व्यवस्था भएकोमा सो को अनुगमन गरेको छैन,

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>ग) कार्यविधि बमोजिम बिमा गरेको देखिएन,

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।कार्यालयले यो वर्ष उपर्युक्त बमोजिम ६ वटा व्यक्तिगत फर्मलाइ रु ६७००० का दरले रु ४०२०००।०० अनुदान दिएको देखियो ।

स्थानिय अनुदान नीति तर्जुमा गरी कानुनमा निर्धारित मापदण्ड पुरा गरेका निकायहरुलाइ अनुदान प्राप्त गर्ने गरी अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ४१ लाख ७४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td>–</td></tr>
<tr><td>२६.</td><td>सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार १४ थान दुई पांग्रे सवारी साधन खरिद कार्य गरी रु. ३६ लाख ३१ हजार खर्च गरेको छ । उक्त मोटरसाइकलहरु कार्यालयको नाममा नामसारी भएको नपाँईदा सरकारी नं प्लेट र ब्लुबुक प्रासिको प्रमाण पेश गर्नुपर्ने देखिएको रु...

<table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>१४</td><td>३६३१६००</td></tr></table></td><td>–
३६३१६००.००</td></tr>
<tr><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>२७.</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु.१८,००,०००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा मालपोत/भुमिकर, घरबहाल कर, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर समेत विभिन्न शीर्षकमा जम्मा रु.२७,८१,५८९।५० अर्थात अनुमानको १५४.५३ प्रतिशत प्राप्त गरेको छ । पालिकाले शिर्षकगत लक्ष्य तोकि सो अनुसार आम्दानी गर्नु पर्नेमा सो अनुसार गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२८.</td><td>रसिद नियन्त्रण खाता : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन विगत वर्षको रसिदहरुको मौज्दात समेत एकिन गरेको छैन । साथै कार्यालयबाट रसिद तथा आम्दानी खर्चको सम्बन्धमा परीक्षण गरी प्राप्त हुने राजश्व सम्बन्धमा एकिन गरेको पाइएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
२९.	**राजश्व लेखा अद्यविधक** : कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली ,२०७५ को नियम ९ वमोजिम राजश्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ ।प्रत्येक कार्यालयले नेपाल सरकारवाट स्वीकृत राजश्व वर्गिकरणको व्याख्या अनुरुप लगति तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ८ बमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखापरीक्षकको कार्यालयवाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्ने र लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलेवद्ध तरिकाले राख्नु पर्ने व्यवस्था छ । पालिकाले मालपोत र नगदी रसिद समेत २ किसिमका छुट्टाछुट्टै नगदी रसिदका प्याड छपाई गरी पालिका, पालिकामा रहेका शाखाहरुमा प्रयोग भएको तथा ९ वडा कार्यालयमा पठाउने गरेको पाइयो । पालिकामा प्राप्त आम्दानी राजश्वको तोकिएको ढाँचामा राखेको देखिएन । वडा कार्यालयहरुवाट प्राप्त राजश्व समेतका आधारमा तोकिएको ढाँचामा राजश्व स्रेस्ता तयार गरी सो स्रेस्ता अनुसार आर्थिक विवरण तयार हुनुपर्नेमा वैंक दाखिलाका आधारमा आर्थिक विवरण तयार गरेको पाइयो । वडाहरुमा संकलन भएको राजश्व वैंक दाखिला भएकोमा कार्यालयले वडाले लिएको नगदी रसिद अर्थिक वर्षको अन्त्यसम्ममा प्रयोग भई बाँकि रहेका फिर्ता हुनुपर्नेमा वडा सचिवहरु कै जिम्मामा रहेको देखियो ।वडागत रुपमा संकलन हुने राजश्व समेत एकिन गरी स्रेस्ता तयार हुनुपर्नेमा सो बमोजिम नभएकोले प्राप्त राजश्व सम्बन्धमा परीक्षण गरी एकिन गर्न सकिएन ।	
३०.	**राजश्व ढिलो दाखिला :** कर्णाली प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियम ८(३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको राजश्व दैनिक रुपमा कार्यालयको नाममा रहेको सरकारी कारोवार गर्ने राजश्व खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था छ । दैनिक रुपमा वैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र त्यस्तो रकम वैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिका कार्यालय, विषयगत शाखा र ९ वटा वडा कार्यालयबाट पालिकाले प्राप्त गरेको राजश्व रकम नियमावली भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी लाग्ने शुल्क रकम असुल गर्नुपर्ने देखिन्छ । पालिकाले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको रकम सम्बन्धमा कार्यालयले समेत परीक्षण गर्नुपर्दछ ।पालिकावाट प्राप्त विवरण अनुसार कार्यालयमा मात्र २०७७ साउन महिना देखि असार मसान्तसम्मको आम्दानी रु.८,५५,२८२।०० असार महिनामा मात्र वैंक दाखिला भएको छ । समय मै राजश्व दाखिला गर्ने तर्फ पालिकाको ध्यान जानु हुनुपर्दछ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
३१.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको	

[illegible]	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	हुँदा प्रविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
३२.	**लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
३३.	**उपभोक्ता समितिबाट कार्य गराउने कार्यविधिः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना र लाभग्राही समुदायनै सहभागी भएमा त्यस्तो काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यस पालिकाबाट आर्थिक वर्ष २०७७।७८ मा सञ्चालन गरेका सडक निर्माणसँग सम्वन्धित आयोजना मध्येवाट केही आयोजनाको फाईल परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन । क) स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३(१) मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला तथा महसुलको स्थानिय न्युनतम दररेट तोक्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले आफ्नो क्षेत्र भित्रको लागि यस्तो दररेट तोकेको पाईएन । दररेट नतोकेको अवस्थामा जिल्लाले निर्धारण गरेको दररेटलाई अधार लिई लागत अनुमान तयार गरी काम गराई रहेको पाईयो । ख) आयोजना छनौट पूर्व आयोजनाको कुल लागत अनुमान तयार तथा बिश्लेषण नगरी गाउँसभाबाट विनियोजित बजेटको आधारमा आयोजनाको लागत अनुमान तयार गरी सोही अनुसार कार्यान्वयन गरिएको छ । ग) लागत अनुमान तयार गर्दा मेशिनवाट काम गराउनु पर्ने प्रर्याप्त प्राविधिक पुष्ट्याँई र सिफारिस बेगर ठूला मेशिनरीको प्रयोग भएको छ । जिल्लाको दर रेट अनुसार प्रति घन मिटर दर निर्धारण गरि सोही दरमा उपभोक्ता समितिले बिभिन्न निर्माण व्यावसायी तथा मेशिन मालिकसग मेशिन भाडामा लिई काम गराई भूक्तानी गरेको छ । यसले उपभोक्ता समिति आफैं काम नगरी भुक्तानीको माध्यम मात्र बनेको अवस्था छ भने भरपाई वापत भुक्तानी भएको रकमको विल विजक बेगर भुक्तानी हुँदा निर्माण ब्यवसायीको आय कर प्रयोजनमा छुटेको छ । घ) प्राबिधिकले तयार गरी श्रेस्तासाथ राखेको दर बिश्लेषण अनुसार उच्च क्षमताको मेशिनवाट न्यून क्षमताको मेशिनले भन्दा प्रति घन मिटर काम छिटो र धेरै हुने हुंदा प्रति घन मिटरको लागत दर स्वाभाबिक रुपमा धेरै भएता पनि अन्तत कुल लागत रकममा धेरै अन्तर नआउने देखिन्छ । कार्यालयले निम्न क्षमताका मेशिनको प्रयोगमा निम्नानुसारको दर कायम गरी गरेको छ	

सि.नं	कामको बिवरण	प्रति घन मिटरमाबिभिन्न मेशिनरीलाई हुने भूक्तानी दर		
		१२० सिसि	२१०–२२० सिसि	३२० सिसि
	प्रति घण्टा		६३००	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१	Soft soil cutting for exavator@90 cu.m/hr	४६.६७	७०	९३.३
२	Hard soil cutting for exavator@70 cu.m/hr	६०	९०	१२०
३	Ordinary rock cutting for rock breker/exavator@25 cu.m/hr	२१०	२९४	३७८
४	Medium rock cutting for rock breker/exavator@15 cu.m/hr	३५०	४९०	६३०
५	Ordinary rock cutting for rock breker/exavator@10 cu.m/hr	५२५	७३५	९४५
६	Land slide clearence in soil @110 cu.m/hr	३८.१८	५७.२७	७६.३
७	Land slide clearence in hard soil @80 cu.m/hr	५२.५०	७८.७५	१०५
८	Land slide clearence in ordinary rock @60 cu.m/hr	७०	१०५	१४०

ङ) स्थानीय तहमा धेरै जसो निर्माण कार्य उपभोक्ता समितिवाट हुने र निर्माण भएका सडकमा अधिकांश निर्माण कार्यमा उपभोक्ता समितिले हेभी मेशिनको प्रयोग गरी काम सम्पन्न गरेको देखियो । उपभोक्ता समितिले पेश गरेका बिल तथा कागजातबाट मेशिनको क्षमता नखुले पनि धेरै जसो उपभोक्ताले २१०-२२० सिसि का उपकरणको दर अनुसार भुक्तानी गरेको देखियो । यसवाट साना क्षमताका मेशिनको प्रयोग गरी ठूला क्षमताका मेशिनको दरवाट भुक्तानी हुन सक्ने , ठूला क्षमताका मेशिनले गर्ने काम र साना क्षमताका मेशिनको काम एउटै दरमा भुक्तानी हुन सक्ने ,वातावरणिय दृष्टिले पनि जोखिम पूर्ण हुने देखिएकोले यसमा स्थानीय तहले वास्तबिक व्यहोरा छानबिन गरी प्रयोगमा ल्याएको लागत दर यकिन गरी भुक्तानीमा आश्वस्त हुनुपर्दछ । यसका केहि उदाहरण निम्न छनः

सि. नं.	कामको विवरण	संझौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	यस वर्ष भुक्तानी	मेशिनरीको प्रयोग रकम
1	ध्यारगाउँ अर्याना हुदै पछ्यौरी सडक	2078-03-06	2078-03-30	2389590	1804344.0	700339.00
2	घाटबालुवा तलि नायकवाडा सडक	2078-02-31	2078-03-30	2068615.37	1908336.0	800000.00
3	घर्तीगाउँ धुमा सडक	2078-03-21	2078-03-30	1953249.83	1913362.0	1024306.00
6	कोलपानि कुरीखोला सडक	2078-01-17	2078-03-30	2144000	2110168.0	932117.00
7	वडा कार्यालय रुमसिल जालतरी सडक	2078-03-21	2078-03-30	2001251.67	1802977.0	992009.00
8	सुवाकोट स्याला बण्डाला सडक	2078-03-21	2078-03-30	2000983.67	1979692.0	505999.00
9	सिलिङ्गी देखि स्याला हुदै गोमागाउँ सडक	2078-03-21	2078-03-30	2134000	2109276.0	902000.00
10	रोकायगाउँ ध्यारगाउँ हुदै सेरी सडक	2078-02-31	2078-03-30	2065974.77	1916931.0	816200.00

च) आयोजनाको अन्तिम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिबेदनको विस्तृत बिवरण संलग्न नगरी सामान्य अनुगमन भएको भन्ने व्यहोराको प्रतिवेदनको आधारमा भुक्तानी गरेको छ ।

छ) पालिकाले आफ्नो क्षेत्र भित्रको सडक इन्भेन्टरी तयार नगरेको अवस्थामा एउटै सडकमा पटक पटक निर्माण र विस्तार भनी बजेट विनियोजन गरी खर्च गरेको अवस्थामा उक्त सडकको पूर्वाअवस्थाको सम्बन्धमा तुलनात्मक आधार रहेको छैन ।

ज) उपभोक्ता वा लाभग्राहीको सहभागिता गराई वातावरणमैत्री तथा रोजगारी सिर्जना गर्ने उद्देश्य अनुरुप निर्माण कार्य हुन पर्नेमा ठूला मेसिन उपकरणको प्रयोगले बातावरण बिनास ,प्राकृतिक समस्या बाढी पहिरोको जोखिममा बृद्धि हुन गएको र रोजगारी सिर्जना नभएको अवस्था छ ।

उपभोक्ता समितिमार्फत हुने सार्वजनिक निर्माण कार्यलाई नियमन गरी दिगो विकास, बातावरण मैत्री विकास र रोजगारमूलक अवस्थाको सिर्जना गर्नुपर्दछ ।

३४. **मुख्यमन्त्री रोजगार कार्यक्रमः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना र लाभग्राही समुदायनै सहभागि भएमा त्यस्तो

क्र	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकाले यो बर्ष कार्यक्रम संचालन गरेका केही उदाहरणहरु निम्नानुसार छनः	

क.स	उपभोक्ता समितको नाम	अनुदान रकम
१	रोकायागाउँ सेरी सडक	२० लाख
२	स्याँला गोमागाउँ सडक	२० लाख
३	सुवाकोट बण्डाला सडक	२० लाख
४	वडा कार्यालय जाल्तरी सडक	२० लाख
5	कोलपानी कुरीखोला सडक	२० लाख
६	घाटबालुवा सडक नायकबाडा	२० लाख
७	ध्यारगाउँ अयर्ना पछ्यौरी सडक	२० लाख

उपर्यक्त कार्यक्रम परीक्षण गर्दा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) सार्वजिनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १२ ले सम्पन्न आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष उपभोक्ता समितिमार्फत गराएका निर्माण आयोजनाहरु हस्तान्तरण गरेको देखिएन ।

ख) आयोजनाको अनुदान रकम भुक्तानी गर्दा समितिको निबेदन,निर्णय तथा वडा कार्यालयको सिफारिस पेश गरेको छ ।आन्तरिक नियन्त्रण प्रणाली बमोजिम सम्बन्धित साइट हेर्ने प्राविधिकको सिफारिसको आधारमा कार्यविधिमा निर्धारित अनुगमन समिति र कार्यालयको योजना तथा अनुगमन शाखाको समेत सिफारिसमा भुक्तानी गर्नुपर्दछ ।

ग) सालबसाली रुपमा प्राप्त बजेटको आधारमा उपभोक्ता समिति गठन गरी निर्माण कार्य गरेको देखियो।

घ) पालिकबाट ट्रयाक खोल्ने प्रकृतिका आयोजनाहरु छनौट गरी सन्चालन गरेको पाइयो
उक्त योजनाहरु संचालन गरी उपभोक्ता समितिका सदस्यहरुलाई दिनुपर्ने ज्याला रकम बैंक बाट उपभोक्ता समितिलाई उपलब्ध गराई उपभोक्ता समितिमार्फत भरपाई गराई भुक्तानी गरेको पाईयो।

सशर्त कार्यक्रमतर्फ

३५. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १७९ भएकोमा १७४ जना पदपूर्ति भएको पाईयो । उक्त पदपूर्ति मध्ये ६१ जना करारबाट पूर्ति भएको छ । यी विद्यालयमा अध्ययन विद्यार्थीहरुको संख्या ९६०६ रहेको देखिन्छ ।

३६. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ४५ लाख ९४ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो ।

३७. **सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० मा भएको व्यवस्था अनुसार आधारभुत तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय वार्षिक रु.१०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय वार्षिक रु.१५००० का दरले

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षण अनुदान दिने व्यवस्था छ । पालिकामा रहेका ४३ वटा विद्यालयले नै सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । समयमै सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गरि प्रतिवेदन गर्नुपर्दछ ।	
३८.	**सेनिटरी प्याड खरिदः** सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा व्यवस्था भए वमोजिम सामुदायिक विद्यालय किशोर अवस्थाका छात्राहरुलाई महिनावारिका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन अर्न्तगत कक्षा ६ देखि १२ कक्षा सम्मका छात्राहरुलाई वितरण गर्न शिलवन्दी दरभाउ पत्रको माध्यमवाट सव भन्दा कमदर पेश गर्ने रोशन कन्ट्रक्सन एण्ड सप्लायर्स संग प्रति प्याड ५७.६३ का दरले ३३८६० प्याडको रु.१९,५१,३५१।०० को संझौता गरी खरिद भएको पाइयो । सो सम्वन्धमा देखिएका थप व्यहोरा निम्न छः क. कार्यविधिको अनुसूची- १ ले तोकेको न्यूनतम मापदण्ड अनुसार सेनिटरी प्याडको साइज तथा गुणस्तर समेतका मापदण्ड भएको परिक्षण गरेको प्रमाण संलग्न छैन । आपूर्तकले उपलव्ध गराएको विजकमा समेत मापदण्ड अनुसारको साईज उल्लेख नगरेका कारण मापदण्ड अनुसार भए नभएको विश्वस्त हुने आधार पेश भएन । ख. लक डाउनको समयमा विद्यालय खुल्ने सुनिश्चता नभई सामान खरिद उचित देखिएन । ग. ठूलो परिमाणमा खरिद गरिएका स्यानिटरी प्याड पालिका मै मौज्दात राखिएको देखिएकोले उक्त प्याडहरु सम्वन्धित लाभग्राहीले पाउने सुनिश्चिता तथा भण्डारणका कारणले नोक्सान हुन नदिन कार्यालयले ध्यान दिनुपर्दछ । घ. कार्यविधि अनुसार वजेटमा माग गर्दा कक्षा ६ देखि १२ का विद्यार्थीहरुको वास्तविक संख्याका आधारमा माग गर्नुपर्नेमा शैक्षिक तथ्यांक (IEMIS) लाई मात्र आधार लिएको छ ।विद्यालयको माग तथा वास्तविक विद्यार्थि संख्याको आधारमा सेनिटरी प्याड खरिद हुनुपर्दछ । ङ. सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार विभागिय लागत अनुमान तयार नगरी ३ वटा आपूर्तकले पेश गरेको दरलाई औषत मानी लागत अनुमान तयार गर्ने गरेको छ । लागत अनुमान तयार गर्दा ऐनले तोकेका अन्य विधि समेतलाई ध्यानमा राखी लागत अनुमान तयार गरी खरिद कार्य नभएको कारण मितव्ययी तरिकाले भएको भन्न सकिने अवस्था देखिएन ।	
३९.	**कोभिड १९ का कारण उत्पन्न परिस्थितिको सिकाई सहजीकरणः गो. भौ. नं.** १६८।२०७८।३।२१ वाट कोविड १९ को विषम परिस्थितिमा विद्यालयहरुमा कक्षा ४ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थिको संख्याको आधारमा अनलाईन कक्षा संचालन गर्न ईन्टरनेट सुविधाका लागि प्रति विद्यार्थी रु १२५ का दरले ३ महिनाको लागि विद्यार्थि संख्याको आधारमा विद्यालयहरुमा अध्ययनरत विद्यार्थी हरुलाई रु १९,४६,०००।०० निकासा दिएको देखियो । सो सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः	
३९.१.	७९।१२।३० वाट कोभिड १९ को विषम परिस्थितिमा सार्वजनिक विद्यालय ४३ र ४ सामुदायिक वाल विकास केन्द्र समेत लागि विद्यालयमा प्रति विद्यार्थी रु.२०० का दरले मास्क, सेनिटाइजर, हेन्डवास लगायतका सामाग्री खरिद गरी विद्यालय संचालन गर्न रू १९,४३,२००।०० निकासा भएकोमा पालिकामा अध्ययनरत विद्यार्थीको संख्या ९४६८ (IEMIS) तथ्यांक अनुसारको रु.१८,९३,६००।०० मात्र निकासा हुनुपर्नेमा रु.४९,६००।०० वढी निकासा दिएकोले वढी निकासा सम्वन्धमा एकिन गरी फिर्ता हुनुपर्ने देखिएको रु...	४९६००.००
३९.२.	ढिलो गरि विद्यालयलाई निकासा दिएकोमा २०७८ साउन देखि विद्यालय खुल्ला भएको अवस्थामा उक्त रकम सम्वन्धि क्षेत्रमा खर्च भएको सुनिश्चता हुनुपर्दछ । साथै पालिकाले निकासाको सही सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४०.	**दलित छात्रवृतिः २०७८।१२।३० वाट** विद्यालयमा कक्षा १ देखि ८ कक्षामा अध्ययनरत दलित विद्यार्थिका लागि प्रति विद्यार्थी वार्षिक रु.४०० का दरले ४३ विद्यालयहरुलाई निकासा भएकोमा IEMS ले देखाएको विद्यार्थी संख्या ४२८२ को लागि रु.१७,१२,८००।०० हुनुपर्नेमा रु.१७,३५,२००।०० निकासा दिएको देखिएकोले वढी निकासा फिर्ता हुनुपर्ने रु	२२४००।००
४१.	**शिक्षा अनुदानः** गत विगत देखि गाउँपालिकाले पालिका भित्र रहेका विभिन्न विद्यालयलाई निम्नानुसार शिक्षक नियुक्ति गरी तपसिल बमोजिम वार्षिक रु १,१७,६०,०००।०० भुक्तानी गरेको पाईयोः	

सि नं	किसिम	संख्या	तलव भत्ता दर	रकम	कैफियत
१	वाल विकास शिक्षक	१८	६०००.००	१२९६०००	१२ महिनाको
२	प्राथमिक तह	१७	१६०००.००	३२६४०००	
३	नि मा वि	२१	२००००.००	५०४००००	
४	मा.वि	६	३००००.००	२१६००००	
५	कम्प्यूटर	४	१२०००.००	४८००००	
जम्मा				**११७६००००**	

संघिय सरकारवाट समेत विद्यालयका शिक्षकहरुलाई सर्शत अनुदान दिने हुनाले आवश्यकताको आधारमा मात्र शिक्षक तथा कर्मचारी नियुक्ति गर्नु पर्नेमा सो सम्बन्धमा विश्लेषण भए नभएको एकिन हुन सकिएन ।

स्वास्थ्य तर्फः

४२. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.१८,००,०००।०० को औषधि सोझै खरिद गरेको छ । उक्त औषधि खरिद सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

क) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

ख) औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको पाईएन,

ग) औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४३.	**वहु क्षेत्रीय पोषणः** पालिका अन्तर्गत रहेका सुत्केरीलाई सुनौला १००० आय आर्जनको लागि चौमासे सिमी, भक्तपुर लोकल काँक्रो लगायतका कृषिजन्य विउ खरिदको लागि प्रा.स. रभराज पुनलाई रु ६,०४,०००।०० पेश्की दिई फर्स्यौट गर्दा कट्टी गर्नुपर्ने अग्रीम आय कर रु. ८,२९०।०० दाखिला गरेको नदेखिएकोले असुल हुनुपर्ने रु	८२९०।००
४४.	**पारिश्रमिक तथा आयकरः** व्यवसायिक विकास प्रदायक संस्थाहरु मार्फत लघु उधम विकास मोडलमा नयाँ लघु उधम विकास सिर्जनाको लागि गंगा शहीले लिएको पेश्की रु ८,००,०००।०० फछ्यौट गर्दा अग्रिम आय कर कट्टी भएकोमा दाखिला भएको नदेखिएको असुल हुनुपर्ने रु	२७९९३

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४५.	**प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई १०० दिनसम्म दैनिक रु ५१७।०० का दरले रोजगारी प्रत्याभूत गरी सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाँउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । पालिकाले उपलव्ध विवरण अनुसार यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो, घोरेटो बाटो, विद्यालय घेरावार लगायतका ९१ योजना तथा कार्यक्रम सञ्चालनको लागि ५८ वटा उपभोक्ता समुह गठन गरी ३९६ जनालाई १०० दिन नै रोजगारी उपलव्ध गराई रु.२,०५,०८,६४१।०० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः क) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा जारी पारिश्रिमकमा आधारित सामुदायिक आयोजना(संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा २१(१) वमोजिम सवन्धित श्रमिकहरुलाई पारिश्रमिक भुक्तानी दिदा वैंक खाता मार्फत रकम भुक्तानी दिनुपर्नेमा सो नगरी समुहको नाममा रहेको खातामा जम्मा गरी वितरण गरेको पाइयो, ख) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा २८(२) वमोजिम श्रमिकलाई नगदै वा समितिको खातामा सोझै रकम निकासा दिन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसंग अनुमति माग गर्ने कार्यपालिका वैंठकको निर्णय भएतापनि सो अनुसार मन्त्रालयवाट अनुमति दिएको देखिएन । कार्यविधिमा तोकिएको वमोजिम शर्तको पालना हुनुपर्दछ । ग) पालिकावाट प्राप्त विवरण अनुसार ९१ वटा योजनामा ३९६ जनालाई रोजगार दिएको देखिएकोमा दैनिक ५१७ का दरले सवै जनाले १०० दिन काम गरेको भए पनि रु.२,०४,७३,२००।०० मात्र भुक्तानी हुनुपर्नेमा रु.२,०५,०८,६४१।०० भुक्तानी भएको देखिएकोले वढी भुक्तानी रकम रु ३५,४४१।०० असुल हुनुपर्ने रु......	३५,४४१।००
	प्रदेश सरकार अनुदान कार्यक्रम(८०१०६३४७३) तर्फः	
४६.	**छोरी सुरक्षा कार्यक्रमः** बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स.२०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदासम्म जन्मेको पहिलो महिनाको रु.१०००। र त्यसपछि मासिक रु.५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ ।उक्त व्यवस्था अनुसार गत वर्षका ९१ र यस वर्ष २९८ समेत ३८९ का लागि रु २९८९०००.०० खर्च लेखेको छ । उक्त कार्यक्रम अनुसार सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैक खातामा जम्मा गर्नु अघि ती छोरीहरुको हालको अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम पठाएको हुंदा आगामी वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
	समाजिक सुरक्षा तथा संरक्षणः	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४७.	**लाभग्राहीको नाम नविकरण** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७(१) मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले आगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयाबधी भित्र सम्वन्धित गाउँपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आर्थिक वर्षमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	
४८.	**प्रतिवेदन पेश गर्नुपर्ने** : सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा गाउँपालिकामा सो नियमको पालना भएको पाइएन ।गाउँपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।	
४९.	**विवरण पठाउनु पर्ने** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाउँपालिकामा उक्त शर्तअनुसार लाभग्राहीको खातामा रकम जम्मा हुनुपर्नेमा वडा सचिवले सामाजिक सुरक्षा पेश्की लिए सेवाग्राहीलाई वितरण गरी पेश्की फछ्र्यौट भएको देखियो ।	
५०.	**विवरण अद्यावधिकः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.ए-) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्ने ब्यवस्था छ । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्कृय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्नेमा लाभग्राही विवरण अद्यावधिक गरेको देखिएन । विद्युतीय व्यवस्थापन सूचना प्रणालीमा दर्ता भएको आधारमा पेश्की दिंदा कतिपय नामहरु दोहोरो हुने गरेकोमा त्यस्ता नामहरु समय मै हटाई दोहोरोपना हटाउनु पर्दछ ।	
५१.	**बैंकबाट भत्ताः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने ब्यवस्था छ । यस बर्ष पालिकाले प्रथम चौमासिकमा रु १ करोड ५६ लाख ३९ हजार, दोस्रो चौमासिकमा रु १ करोड ३१ लाख ८२ हजार र तेस्रो चौमासिकमा रु २ करोड २५ लाख २३ हजार गरि रु ५ करोड १३ लाख ४४ हजार नगदमा वितरण गरेको पाईयो ।पालिकाले सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमार्फत गरेको पाइएन । बैंकिङ्ग प्रणालीमार्फत भत्ता वितरणको ब्यवस्था मिलाइ वित्तीय जोखीम न्युनीकरण गर्नुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

५२. **वढी रकम फिर्ता हुनु पर्नेः** सामाजिक सुरक्षा तथा संरक्षणको लागि निम्न कर्मचारी लिएको पेश्की फर्छ्यौट गर्दा सम्वन्धित लाभग्राहीलाई नवुझएको रकम फिर्ता असुल गर्नुपर्ने रु १७६००।००

सि नं	नाम थर	रकम	कैफियत
१	भद्रकाली वस्नेत	१६००।००	बालपोक्षण भत्ता
२	वडा सचिव पुष्कर रोक्का मगर	१६००।००	बालपोक्षण भत्ता
३	वडा सचिव श्री कुमार गुरुङ्ग	१६००।००	बालपोक्षण भत्ता
४	वडा सचिव श्री दुर्गा उपाध्याय	१२८००।००	सामाजिक सुरक्षा बालपोक्षण भत्ता
	जम्माः	१७६००।०	

समानीकरण पूँजिगततर्फ

५३. **कार्यालय भवन निर्माणमा उपभोक्ता समितिः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना र लाभग्राही समुदायनै सहभागि भएमा त्यस्तो काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । यो वर्ष पालीकाले निम्न वडा कार्यालय भवनहरु निर्माण समेत उपभोक्ता समितिमार्फत गराएको देखियोः

सि.नं	योजना	शूरु भएको वर्ष	लागत अनुमान	जनश्रमदान	यो बर्ष खर्च
१	१ नं. वडा कार्यालय भवन	२०७४।११।२८	६२५७३४१.७७	१२५७३४१.७७	१२९४०००
२	३ नं. वडा कार्यालय भवन	२०७४।११।२५	६२५७८०६.६६	१२५७८०६.६६	८१३०००
३	४ नं. वडा कार्यालय भवन	२०७४।१२।०२	६३४५२०६.७१	१३४५२०६.७१	९९६०००
४	६ नं. वडा कार्यालय भवन	२०७४।१२।०२	६३४५२०६.७१	१३४५२०६.७१	८२७०००
५	७ नं. वडा कार्यालय भवन	२०७५।०२।०९	६३४२८०३.९३	१३४२८०३.९३	१२५२०००
६	९नं. वडा कार्यालय भवन	२०७४।१२।२७	६२५३८९८.१६	१२५३८९८.१६	१९५५०००

उपर्युक्त निर्माण कार्यको फाइल परीक्षण गर्दा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) वडा कार्यालय भवनका लागि हरेक वर्ष छुट्टा छुट्टै लागत अनुमान गराइ निर्माण कार्य गरेको देखियो।

ख) कार्यालय भवन निर्माणमा जनसहभागीता को अंश देखाइ लागत अनुमान तयार गरेको देखियो ।

ग) मिति २०७४।१२।२७ मा सम्झौता भई मिति २०७५।३।३० मा कार्यसम्पन्न गर्नुपर्ने भवन निर्माण कार्यमा हरेक बर्ष सोही समितिमार्फत कार्य गराइ खर्च लेखेको छ ।

५४. **निर्माण कार्यः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष निम्न २ योजनाको कार्य सम्पन्न हुन नसकि क्रमागतमा रहेको देखियो ।

क.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	हानेसल्ला लिम्सा सडक	मृतसन्जीवनी रेगन जे भी	२०७६।१।२२	२०७८।३।३०	१९८०२	८०
२	ध्यापाटाकुरा लिम्सा सडक स्तरउन्नती	धुलीखेल जे के जेभी	२०७७।०३।९	२०७९।१०।१०	१८६४९	४५

उपर्युक्त बमोजिमका निर्माण कार्यमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) कार्यक्रमको कुल लागत अनुमानलाइ टुक्रा गरी उपभोक्ता समिति तथा ठेक्का मार्फत गरेको देखियो।

ख) हानेसल्ला लिम्सा सडकको २०७८ आषाढ मसान्तमा कार्यसम्पन्न गर्नुपर्नेमा भौतिक प्रगती ८०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

प्रतिशत मात्र देखिएको छ ।

यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन

५५. **बिस्तृत आयोजना प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।कार्यालयबाट यो वर्ष तयार गरिएका विस्तृत आयोजना प्रतिवेदनहरु को विवरण निम्नानुसार रहेको छः

क.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत
१	प्राथामिक स्वास्थ्य भवन	मिसन इन्जीनीयरीड कन्सल्टेन्सी	१८०८	१८०२	१९०१२३
२	दह देखि ४ न वडा कार्यालय सडक	सिम्रिक इन्जीनीयरिड एशोसियट एण्ड कन्टक्सन	४७८	४५५	३६४४२०
३	गाउपालिका प्रशासनिक भवन	सुगी कन्सल्टेन्ट प्रा ली	३५९८	१९८८	१५०५५००
४	रामीडाँडा पोलिटेक्निक				२२२७४५७२६
५	गीटी वालुवा आइ इ	डिजाइन मार्क इन्जिनियरिड कन्सल्टेन्ट प्रा ली	९८६७	९८३	५३९६७
				५२२८	

उपर्युक्त ५ वटा डी.पी.आर. तर्जुमाका लागि रु ५२ लाख २८ हजार खर्च गरेको देखियो । तर्जुमा भएका विस्तृत आयोजना प्रतिवेदनहरु मध्ये ४ वटा कार्यक्रम मात्र आ.ब. २०७८।७९ को बजेटमा परेका छन। विस्तृत आयोजना प्रतिवेदन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) आयोजनाहरुमा बजेट विनियोजन गर्दा स्वीकृत डी.पी.आर बमोजिम नभई सालवसाली रुपमा न्युन बजेट विनियोजन हुने गरेको,

ख) कार्यक्रम कार्यान्वयन गर्दा आयोजनालाइ नै टुक्रा पारी कतै ठेक्का तथा कतै उपभोक्ता समितिमार्फत कार्य हुने गरेको ,

ग) स्वीकृत डी.पी.आरहरुलाई महत्वपुर्ण अभिलेखको रुपमा ब्यवस्थापन गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकिकरण हुने नगरेको,

घ) यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजनाहरु लाइ प्राथमीकीकरण गरी आयोजना बैंकमा समावेश गरी मध्यमकालीन खर्च संरचना अनुरुप श्रोत सुनिश्चितता गरी कार्यान्वयन गर्नुपर्दछ

५६. **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७।७८ मा कन्टीन्जेन्सी बापत रु १६ लाख कट्टी गरेकोमा १५ लाख ८६ हजार खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।उक्त रकमबाट यस वर्ष ४ जना करार कर्मचारीहरुलाई पारीश्रमीक भुक्तानी गरेको छ ।

५७. **झोलुङ्गे पुल तर्फः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष झोलुङ्गे पुल निर्माणका लागि ७८ लाख बजेट विनियोजन गरेकोमा रु ७७ लाख २५ हजार खर्च गरेको छ ।कार्यालयबाट यो वर्ष निर्माणाधिन तथा सम्पन्न भएका झोलुङ्गे पुलहरु निम्नानुसार छनः

सि.नं.	पुल को नाम	लागत अनुमान	सम्झौता रकम	कार्यसम्पन्न अंश	सम्झौता मिति	कार्यसम्पन्न मिति	कैफियत
१	साधुवा वगर पुल	२०८५१६३।७१	२०८५१६३।७१	१००	२०७४।११।२९	२०७६।०३।२९	सम्पन्न
२	च्याख्लीघाट झोलुङ्गे पुल	२३९२५२३।७३	२३९२५२३।७३	१००	२०७४।११।१४	२०७६।०३।२०	सम्पन्न
३	तलीवगर झोलुङ्गे पुल	१९७१४५४।१९	१९७१४५४।१९	१००	२०७४।११।२०	२०७६।०३।२०	सम्पन्न
४	अयरीखोला पुल	३४६३७६०।०६	३३९३१००।६	९०	२०७६।८।२२	निर्माणाधिन	
५	सिम्तरा पुल	५१०९०६९।	५००८८२५।७३	९०	२०७६।३।१९	निर्माणाधिन	
६	सेफुखोलापुल	४२४१९४४।७४	३९२७९४२।६५	९०	२०७५।८।२४	निर्माणाधिन	

उपर्युक्त पुल निर्माण सम्बन्धि देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) सम्पुर्ण कार्यको कार्यसम्पन्न प्रतिवेदन नवनाइ उपभोक्ता समितिमार्फत भएको कार्यको मात्र कार्यसम्पन्न प्रतिवेदन बनाएको देखियो,

ख) हरेक वर्ष प्राप्त बजेटको आधारमा कार्य गराइ भुक्तानी गरेको देखियो,

ग) झोलुङ्गे पुलको पुर्ण रुपमा कार्यसम्पन्न तयार नगरी फेब्रीकेशनको विलमार्फत भुक्तानी गरेको देखियो । साथै उपभोक्ता समितिले गरेको कामको अंश मात्रको कार्यसम्पन्न प्रतिवेदन गराइ भुक्तानी गरेको पाईयो,

घ) झोलुङ्गे पुलको लागत अनुमान, नापजाँच तथा कार्यसम्पन्न तथा अनुगमन कार्यको लागि ग्रामिण विकास केन्द्र नामक गैरसरकारी संस्थामार्फत हुने गरेको देखियो । त्रिपक्षीय सम्झौता अनुसार उक्त संस्थाले भुक्तानी लगिसकेकोमा पुलको कार्यसम्पन्न प्रतिवेदन तथा एज विल्ट ड्रईङ्ग समेत तयार गरेको देखिएन,

सार्वजनिक निर्माणलाइ प्रभावकारी बनाउन निर्माणाधिन पुलको निर्धारीत समयमा निर्माणकार्य सम्पन्न गर्नुपर्ने तथा निर्माण सम्पन्न पुलको लागत अनुमान बमोजिमको एकिकृत कार्यसम्पन्न प्रतिवेदन तथा एज विल्ट ड्रईङ्ग समेत तयार गरी अभिलेख राख्नुपर्दछ ।

५८. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

५९. **योजना परिर्वतन** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये विनियोजित रकम रु. ६३८००००।०० को १२ वटा योजना परिर्वतन गरी २४ वटा योजना सञ्चालन

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको देखियो । योजना परिर्वतन गर्नुपर्नाको कारण उल्लेख छैन । पुँजीगत निर्माण तर्फका सामुदायिक भवन निर्माण र खानेपानी आयोजना मर्मत तथा निर्माण लगायतका आयोजनाहरुलाई स्वीकृत कार्यक्रम बाहेकका टुक्रे आयोजना तय गरी खर्च गरेको पाइयो ।यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।	
	समानीकरण चालुतर्फ	
६०.	**भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य, प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको, • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको, • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको, • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित स्थानमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको, • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनसम्म वा बढिको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको पाईयो । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ सम्मको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको पाईयो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	विपद् व्यवस्थापन कोभिड नियन्त्रण	
६१.	**कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।	
६२.	**वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

क्र.सं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

६३. **कोभिड खर्चको विवरणः** कोभिड १९ को व्यवस्थापनको लागि गाउँपालिकामा विपत व्यवस्थापन कोषमा गत वर्षको जिम्मेवारी रु २५,९६,१३२।०० र यस वर्षको आय रु ४६,८७,३१४।०० समेत जम्मा रु ७२,८३,४४६।०० आम्दानी भएकोमा रु ५५,७१,५९८ खर्च भई रु १७१३८४८।०० वाँकी देखिएको छ ।

बजेट / आम्दानीको स्रोत	२०७८ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट	०	राहात वितरण	७९५६०
प्रदेश सञ्चित कोषबाट	०	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	०
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	६५९६०००	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	४१७१६८
संघीय कोभिड कोषबाट		जनशक्ति परिचालन	८२०९१७
प्रदेश कोभिड कोषबाट		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	३१४१६२८
पदा अधिकारी कर्मचारीवाट कट्टि	६८७४४६	प्रचारप्रसार खर्च	५९५००
		हेल्थहेल्प डेस्क खर्च	३२५८२५
		समान ढुवानी	७२७०००
अन्य स्रोतबाट प्राप्त		स्वास्थ्य पूर्वाधार निर्माण	०
जम्माः	७२७३४४६।००		५५७१५९८।००

कोभिड खर्च ब्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) आषाढ मसान्तसम्म रु ७२८३४४६ आम्दानी गरेकोमा रु ५५७१५९८।०० विभिन्न शिर्षकमा खर्च गरेको देखियो ।

ख) आइसोलेशन केन्द्र निर्माणमा रु ४१७१६८।०० औषधि एवं स्वास्थय उपकरण तथा सामाग्री खरिदमा रु ३१४१६२८।०० र सामान ढुवानीमा रु ७२७०००।०० समेत रु ४२८५७९६।०० वरावरको खरिद कार्य भएकोमा उक्त खरिद ब्यवस्थापन सोझै गरेको देखियो।

ग) ६८ जना स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन भत्ता रु ८,२०,९१७।०० भुक्तानी गरेको छ ।

घ) ३०० थान आर डी टी किट रु ९०० का दरले रु ३,०५,१००। मा खरिद गरेको छ ।

ङ) बीरेन्द्र मा.वि. लिम्सामा ३१ बेडको क्वारेन्टिन संचालन तथा ब्यवस्थापनमा रु ४,१७,१६८।०० खर्च गरेको छ ।

च) आइसोलेशन केन्द्र निर्माण व्यवस्थापनको लागि गत वर्षको खाना खाजा खर्चभनी रु ४१७१६८।०० लेखेकोमा कुन स्थानमा कति जनालाई खाना खाजा लेखेकोमा खर्च लेखेको प्रष्ट प्रमाण समावेश भएको छैन। साथै गत वर्षको खर्च भएको रकम यस वर्ष भुक्तानी हुन उचित देखिएन ।

छ) विभिन्न सामान तथा विरामी वोकेको भनि गाडी चालक भीम वहादुर वुढालाई रु ५०६०००।०० भुक्तानी गरेकोमा सवारी साधन प्रयोग भएको स्थान, प्रयोग गर्ने ब्यक्ति, सो सम्बन्धमा भएकोखर्च समेत खुल्ने लग बुक तथा खर्च विवरण बेगर भुक्तानी भएको नियमसंगत नदेखिएको रु.... ५०६०००

ज) पालिकामा संचालित १५ बेडको प्राथमिक स्वास्थ्य केन्दमा खरिद भएको एक्सरे मेशीन लगायतका स्वास्थ्य उपकरणहरु उपयोगमा केन्द्रले लिने सेवा शुल्क सम्बन्धि अभिलेख राखेको देखिएन । उक्त स्वास्थ्य उपकरणहरु बाट केन्द्रले लिने सेवा शुल्कको अभिलेख राखी आय ब्ययको विवरण तयार गर्नुपर्दद्छ ।

६४. **धरौटीः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७२ वमोजिम कुनै सरकारी कार्यालयले कुनै निकायमा धरौटी राख्नु पर्ने भएमा आफूले राखेको विवरण अनूसुची १० वमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले सो ढाँचामा अभिलेख राखेको छैन । पालिकाबाट प्राप्त आर्थिक विवरण अनुसार गत बर्षको जिम्मेवारी २५,०९,१४५।०० र यस वर्षको

क्र	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	आम्दानी रु २५,३५,७३३।०० समेत जम्मा रु ५०,४४,८७८।०० मध्ये रु १८,३२,३५६।०० खर्च भई रु ३२,१२,५२२।०० मौज्दात रहेको छ । पालिकाको श्रेस्ताअनुसार रु ३२,१२,५२२।०० देखिएकोमा बैंक अनुसार रु ३०,६७,५४५।०० मात्र देखिएकोले फरक परेको रु १,४४,९७७।०० सम्बन्धमा हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु....	१४४९७७।००
६४.१.	**मूल्य अभिवृद्धि कर समायोजन वेगर धरौटी फिर्ता:** कुनै निर्माण कार्यको लागि राखिएको धरौटी प्रयोजन सकिए पछि सम्वन्धित आन्तरीक राजश्व कार्यालयवाट प्रमाणित कर चुक्ता प्रमाण र मूल्य अभिवृद्धि कर समायोजन प्रमाणका आधारमा हुनुपर्नेमा निर्माण व्यवसायीले गाउँपालिका भवन निर्माण वापत २०७५।७६ मा राखेको धरौटी रु ७,९४,१५६।०० फिर्ता गर्दा मूल्यअभिवृद्धि कर समायोजन प्रमाण वेगर फिर्ता दिएको देखिएकोले सम्बन्धित विलको मू अ कर समायोजन प्रमाण पेश हुनुपर्ने रु ..	७९४१५६।०
	नागरिक आवास कार्यक्रम तर्फ	
६५.	नागरिक आवास कार्कम संचालन निर्देशिका अनुसार पालिकाले लाभग्राही छनौट गर्नुपर्ने र लाभग्राहीले लागत सहभागीताको आधारमा कार्यसम्पन्न भएपश्चात अनुदान वितरण गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यो वर्ष नागरिक आवास कार्यक्रम तर्फ रु ४५५७०००।०० अनुदान वितरण गरेको देखियो । सम्बन्धित वडाको सिफारिसमा २१७ लाभग्राही छनौट गरेको छ । छनौट भएका लाभग्राहीहरुलाइ लागत सहभागीता सुनिश्चितता तथा कार्यसम्पन्न बेगर प्रति ब्यक्ती रु २१००० का दरले रु ४५५७०००।०० मिति २०७८।३।३० मा पेश्की दिएको देखियो यस सम्बन्धमा हाल लाभग्राहीको खाता रोक्का रहेको कार्यालयको भनाई रहेको छ । खाता रोक्का गरेतापनि लक्ष्य बमोजिम कार्य सम्पन्न गर्नुपर्ने कर्तव्य तर्फ कार्यालयले समयमै ध्यान दिनुपर्दछ ।	
६६.	**पेश्की:** विभिन्न फर्म, ब्यक्ति तथा संस्था तथा उपभोक्ता समिति हरुलाई दिइएको पेश्की सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) अनुसार र अन्य कार्यका लागि दिएको पेश्की नियम ७४ बमोजिम फछ्र्यौट गर्नुपर्ने ब्यवस्था छ। पालिकाबाट प्राप्त बिवरण अनुसार तपसिल बमोजिमको म्याद ननाघेको रु ८०९०४२४ र म्याद नाघेको रु ६३०६४००। समेत जम्मा रु १४३९६८२४।०० रहेको छ । उक्त पेश्की नियमानुसार समयमै असुल फछ्र्यौट हुनुपर्ने रु	६३०६४००

गो.भौ.नं. र मिति	प्रयोजन	पेश्की रकम	
		म्याद नाघेको	म्याद ननाघेको
८६।२०७८।३।३०	नागरिक आवास पेश्की (२१७) जना	४५५७०००	
२५।२०७७।८।१७	विरराज सिंह(पोषण कार्यक्रम)	९४००	
११७।२०७८।२।१९	बीन बहादुर शाह(लघु उद्यम प्रविधि खरिद	१४००००	
१३८।२०७८।२।२०	वार्ड नं ५ देखि वार्ड नं ६ जोड्ने सडक नि. उ.स.(जाली भर्ने कार्य	८००००	
२४०।२०७८।३।२९	पातिहाल्न तिलचौर मोटरबाटो नि.उ.स	१५००००	
९८।२०७८।१।१७	कालिका आदर्श मा.वि.(विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण)	६५००००	
७।२०७८।३।२०	अस्पताल भवन । खानीखोला धुलीखेल जे.के. जे.भी		८०९०४२४
	जम्मा	६३०६४००	

क्र	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६७.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।	

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)

क्र.सं.	भौ.नं, मिति र ब्यहोरा			बेरुजू रकम
	६९५३६	२५२०	७२०५६	

६६.१ यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

आ.ब.	वेरुजु दफा नं.	बिवरण	रकम	सम्परीक्षणको आधार
२०७६।७७	३५	आन्तरिक राजश्व दाखिला नभएको असुल गर्नुपर्ने ।	९५९३२	असुली
	४४	शिक्षक रत्न बहादुर शाहलाई बढि भुक्तानी भएको ।	५८४४९	असुली
	५३	राजुराजा बस्नेतको बढि भुक्तानि	९०००	असुली
	५५	प्रशासन अधिकृत प्रकाश बटालालाई कार्यालयमा हाजिर भएको समयमा दै.भ. भत्ता भुक्तनी	१२३४०	असुली
	९२	पेश्की फछ्यौटः कार्यक्रम पेश्की ऐन बहादुर कार्की १००००० मसलन्द पेश्की कौशीराम बुढा ३००० संचालन खर्च कर्ण बहादुर बस्नेत २०४२०० संचालन खर्च गणेश डि.सी. १८९२०० संचालन खर्च काली बहादुर बुढा २०४२०० संचालन खर्च भरत भट्टराई १८९२०० क्षेमता विकास ऐन बहादुर कार्की २००००	९०९८००	प्रमाण पेश
	९२	औषधि उपचार ६०।७० भत्ता कालीबहादुर वुढा रु १३००००। ६०।७० भत्ता गगा भण्डारी रु ८७५००। ६०।७० भत्ता निर्मला थापामगर रु १८५०००। ६०।७० भत्ता भद्रकला वस्नेत रु १०५०००। ६०।७० भत्ता वलबहादुर नेपाली रु १५२५००। ६०।७० भत्ता वीरेन्द्र महतरा रु १२५०००	७८५०००	प्रमाण पेश
		शैक्षिक सुधार कालिका आदर्श मा.वि. ६५००००	६५००००	प्रमाण पेश
		जम्मा	२५२०५२१	

६६.२ **अद्यावधिक वेरुजु** - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
६९५३६	२५२०	३३९०८	०	१००९२४

लेखापरीक्षणमा संलग्न कर्मचारीहरुः

सि.नं.	पद नाम, थर
१	लेखापरीक्षण अधिकारी हरिप्रसाद आचार्य
२	लेखापरीक्षण अधिकारी डिल्लीराम खनाल

२८